आज मिति २०८०/०७/०३ गते शुक्रबारका दिन विहान ०७:०० बजे सिम्रौनगढ नगरपालिकाको आ.ब.२०८०/०८१को नीति,कार्यक्रम आय अनुमान तथा व्यय बजेट पारीतका लागीसातौ नगर सभाको बैठक नगर प्रमुख श्री किशोरी प्रसाद कलवारज्युको अध्यक्षतामा वसी निम्मनानुसारको प्रस्ताव पारीत गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | किशोरी प्रसाद कलवार | नगर प्रमुख /सभाध्यक्ष | [signature] |
| २ | नजमु शेहर | नगर उप-प्रमुख/नगर सभा सदस्य | |
| ३ | दिनदयाल मुखिया | वडा अध्यक्ष-१/नगर सभा सदस्य | |
| ४ | अरबिन्द कुमार | वडा अध्यक्ष-२/नगर सभा सदस्य | |
| ५ | अजिउल्लाह अंसारी | वडा अध्यक्ष-३/नगर सभा सदस्य | |
| ६ | अवधेश कुमार सहनी | वडा अध्यक्ष-४/नगर सभा सदस्य | |
| ७ | शिवमंगल प्रसाद | वडा अध्यक्ष-५/नगर सभा सदस्य | |
| ८ | नन्द किशोर जयसवाल | वडा अध्यक्ष-६/नगर सभा सदस्य | [signature] |
| ९ | विवेक मेहता | वडा अध्यक्ष-७/नगर सभा सदस्य | [signature] |
| १० | रामदिनेश प्रसाद यादव | वडा अध्यक्ष-८/नगर सभा सदस्य | |
| ११ | रामएकवाल | वडा अध्यक्ष-९/नगर सभा सदस्य | |
| १२ | राजकुमार यादव | वडा अध्यक्ष-१०/नगर सभा सदस्य | |

[signature]

CamScanner

| | | | |
|---|---|---|---|
| १३ | सुरेन्द्र प्रसाद जयसवाल | वडा अध्यक्ष-११/नगर सभा सदस्य | |
| १४ | उपेन्द्र प्रसाद जयसवाल | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| १५ | आशिर्बाद ठाकुर | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| १६ | जवाहरलाल सा कानु | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| १७ | कान्ती देवी कोईरीन | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| १८ | जयपतिया देवी यादव | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| १९ | मिना कुमारी संयासी | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| २० | सकुन्तला देवी | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| २१ | सुनिता देवी | कार्यपालिका सदस्य/नगर सभा सदस्य | |
| २२ | प्रमिला देवी | वडा नं.-१/नगर सभा सदस्य | |
| २३ | संजय प्रसाद यादव | वडा नं.-१/नगर सभा सदस्य | |
| २४ | विपिन प्रसाद यादव | वडा नं.-१/नगर सभा सदस्य | |
| २५ | रम्भा देवी नुनिया | वडा नं.-१/नगर सभा सदस्य | |
| २६ | शारधा देवी | वडा नं.-२/नगर सभा सदस्य | |
| २७ | अमरजित महतो कोइरी | वडा नं.-२/नगर सभा सदस्य | |
| २८ | दिपकलीया कुर्मीन | न वडा नं.-२/गर सभा सदस्य | |
| २९ | पनालाल महतो कोईरी | वडा नं.-३/नगर सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३० | चाद महमद | वडा नं.-३/नगर सभा सदस्य | |
| ३१ | सान्ती देवी चमैन | वडा नं.-४/नगर सभा सदस्य | |
| ३२ | दिपेन्द्र क्मार गुप्ता | वडा नं.-४/नगर सभा सदस्य | |
| ३३ | समसुल हक धोवी | वडा नं.-४/नगर सभा सदस्य | |
| ३४ | सविता देवी | वडा नं.-५/नगर सभा सदस्य | |
| ३५ | अनवरहुसैन अंसारी | वडा नं.-५/नगर सभा सदस्य | |
| ३६ | साहेव राउत कुर्मी | वडा नं.-५/नगर सभा सदस्य | |
| ३७ | कमरुन नेशा | वडा नं.-६/नगर सभा सदस्य | |
| ३८ | फुलन चमैन | वडा नं.-६/नगर सभा सदस्य | |
| ३९ | अलिमहम्द अंसारी | वडा नं.-६/नगर सभा सदस्य | |
| ४० | जगदिश महतो नुनिया | वडा नं.-६/नगर सभा सदस्य | |
| ४१ | शोशिला देवी | वडा नं.-७/नगर सभा सदस्य | |
| ४२ | सरस्वती देवी | वडा नं.-७/नगर सभा सदस्य | |
| ४३ | इसलाम मिया अंसारी | वडा नं.-७/नगर सभा सदस्य | |
| ४४ | मुसलिम मिया अंसारी | वडा नं.-७/नगर सभा सदस्य | |
| ४५ | परमशिला देवी | वडा नं.-८/नगर सभा सदस्य | |
| ४६ | सन्तुर देवी | वडा नं.-८नगर सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४७ | ईशा खाँ पैठान | वडा नं.-८/नगर सभा सदस्य | |
| ४८ | राजाराम प्रसाद साह तेली | वडा नं.-८/नगर सभा सदस्य | राजाराम प्रसाद |
| ४९ | शोभा देवी | वडा नं.-९/नगर सभा सदस्य | |
| ५० | लक्ष्मणपती देवी | वडा नं.-९/नगर सभा सदस्य | |
| ५१ | शिवशंकर प्रसाद साह | वडा नं.-९/नगर सभा सदस्य | |
| ५२ | हमिदुल मजिद अंसारी | वडा नं.-९/नगर सभा सदस्य | |
| ५३ | मुनी कुमारी हजरा | वडा नं.-१०/नगर सभा सदस्य | |
| ५४ | विनोद पंडित | वडा नं.-१०/नगर सभा सदस्य | |
| ५५ | सिकिन्द्र प्रसाद यादव | वडा नं.-१०/नगर सभा सदस्य | |
| ५६ | सविता देवी | वडा नं.-११/नगर सभा सदस्य | |
| ५७ | सुवित्री देवी दासा | वडा नं.-११/नगर सभा सदस्य | |
| ५८ | गगनदेव प्रसाद यादव | वडा नं.-११/नगर सभा सदस्य | |
| ५९ | वृजकिशोर राय यादव | वडा नं.-११/नगर सभा सदस्य | |
| ६० | भोजेन्द्र कुमार चौधरी | नि.प्र.प्र.अ./सचिव | |

सिम्रौनगढ नगरपालिकाका नगर प्रमुखज्युले नगर सभाको वैठकअह्वान गरिए वमोजीम मिति२०८०|०६|२१ गते तथा मिति २०८०|०६|२४ गते सभाको बैठक बस्दा गणपुरक संख्या अपुगको कारण वैठक स्थगितगरिएकोमा पुनः तेस्रो पटक मिति २०८०|०७|३ गते को नगर सभाको बैठक बसी सिम्रौनगढ नगर सभा संचालन कार्यविधि,२०७६को दफा ५को उप दफा ४मा भएको व्यवस्था वमोजिमको गणपुर संख्याको उपस्थितिमा नगर सभा संचालन भई तपसिल अनुसारका प्रस्ताव माथी छलफल भई पारित गरियो ।

## आ.व.२०८०/०८१ नीति,कार्यक्रम तथा वजेट

१. नेपालको संविधान जारी भएपछि दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चातको दोस्रो वर्षको सिम्रौनगढ स्थानीय सरकारको सातौ नगरसभाको वैठकलाई आज सम्वोधन गर्न पाउँदा मलाई गर्वको अनुभुति भएको छ ।

२. नेपालको सार्वभौमसता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागी भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली र सिम्रौनगढ समाजको रुपान्तरणमा वहाँहरुले पुर्याउनु भएको महान योगदानको पुनः स्मरण गर्न चाहन्छु ।यी सङ्घर्ष र आन्दोलमा नागरिकले पुर्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोर्याई रहनेछ ।

३. नेपालले संवत २०८७ भित्रै दिगो विकासका लक्ष्य प्राप्त गर्ने एवम मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको छ ।यस सिम्रौनगढ स्थानिय सरकारले स्तरोन्नोतीको प्रभाव व्यव्स्थापन गर्न ठोस योजना कार्यन्वयनमा ल्याईएकोछ ।

४. नगरप्रमुख रोजगार कार्यक्रम संचालन गरी स्वरोजगारद्वारा आफ्नो सीप प्रयोग गरी जीवनयापनको नवीन अवसरहरु प्राप्त गर्न चाहने युवायुवतीहरुका लागि तत्कालिन सीप/दक्षता तालिम, औजार खरिद गर्न अनुदान प्रदान गरी नीजि क्षेत्रको सहभागीतामा स्वरोजगारीका अवसरहरुको पहिचान गरी वजारमा आधारित रोजगारी सिर्जना गरिने छ । साथै नगरपालिकावाट संचालन गरिने कृषि र गैह्र कृषि क्षेत्रसंग सम्वन्धित साना सिचाई, कुलो निर्माण,, कृषि सडक, सामुदायिक भवन, विद्यालय भवन र अन्य संरचनाहरुको निर्माण र सम्भारमा हजारौ युवा तथा महिलाहरुलाई रोजगारी दिइने छ ।

५. नियमित खोप सेवा सजगता अपनाई सुचारु गरिने छ । पूर्ण सुरक्षित मातृत्व नगर अवधारणा अनुरुप स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र तथा नगर अस्पतालमा गुणस्तरिय सेवा दिने कार्य गरिने छ ।

६. शैल्यक्रिया सुविधा सहितको विशिष्टकृत स्वास्थ्य र ल्यावसेवा नियमित रुपमा सञ्चालन गरिने व्यवस्था मिलाइने छ । महामारी तथा आकस्मिक रोगहरुको उपचारका लागि नगर अस्पतालमा विशेष व्यवस्था मिलाइने छ । आँखाको गुणस्तरीय उपचारका लागि नगर आँखा अस्पताल सञ्चालनका लागि नीजि, संस्था तथा कम्पनीहरुलाई आह्वान गरी जिल्ला समन्वय समिती तथा संघीय सरकारको विशेष अनुदान तथा नगरपालिकाको समपुरक लगानिमा निर्माणाधिन भवनमा आँखा अस्पताल संचालनमा ल्याईनेछ।

७. उत्पादन र उत्पादकत्व वृद्धि,पुर्वधार निर्माण,खानेपानी तथा विधुतमा पहुँच,मानव पुंजिको निर्माणर रोजगारी सिर्जना,आय असमानता र वहुअयामिक गरिविको दरमा कमी,दिगो विकास र पर्यावरणिय सन्तुलन,सङ्घीयताको सुदृढिकरण र सुशानलाई प्राथमिकतामा राखिनेछ ।सङघिय सरकारले २०८७ सम्म स्थानिय तहलाई पोषण मैत्री  तथा बाल मैत्री स्थानिय तह बनाउन लिएको लक्ष्यलाई आत्मसाथ गर्दै आगामि ३ वर्ष भित्र सिम्रौनगढका सम्पुर्ण वडालाई पोषण मैत्रि तथा बाल मैत्री नगरपालिका वनाउन क्षेत्रगत विकासमा जोडदिई कार्यक्रम/योजना संचालन गरिनेछ ।

८. आधारभुत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षाणका अवसर उपलव्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण,सुमन,सभ्य र सुसंस्कृत समाज निर्माण गर्न नगर सरकार प्रतिवद्ध छ ।

९. शिक्षा क्षेत्रको पुनर्स्थापना गर्न बढी विद्यार्थी संख्या भएका विद्यालयहरुमा  थप कक्षाकोठा निर्माण, थप करार/स्वयमसेवी शिक्षक भर्ना, दुरशिक्षा र समुदायमा आधारित शिक्षामा लगानी गरी विद्यालय शिक्षाको गुणस्तरीय सिकाइ सुनिश्चित गरी विद्यालय शिक्षामा विपन्न वर्गका वालवालिकाको पहुचलाई सुनिश्चित गरिने छ ।सवै वालवालिकाहरुलाई शिक्षामा पहुच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई प्रभावकारी रुपमा अघि वढाई आ.व. ०८०।०८१ भित्र नै विद्यालय जाने उमेरका सवै वालवालिकालाई विद्यालय भर्ना गराई शिक्षामा पहुचलाई सुनिश्चित गरिने छ ।

१०. वालवालिका तथा युवाहरुको शारीरिक तथा मानसिक विकाशका लागि खेलकुदहरुमा जोड दिइने छ । केन्द्र र प्रदेश सरकार सहकार्यमा सम्भाव्यताको आधारमा रंगशाला, खेलमैदान,यूवा क्लव तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक वजेट माग गर्न प्रस्ताव गर्ने ।

११. आन्तरिक उत्पादन वृद्धि तथा औद्योगिककरणका लागि गुणस्तरीय पूर्वाधार निर्माण, लगानी प्रवर्धन, व्यवसायिक वातावरण निर्माण एवं सहजीकरण गर्न नीतिगत र प्रणालीगत सुधारका लागि रणनीतिक योजना वनाई कार्यान्वयनमा ल्याइने छ ।

१२. सार्वजिनक खर्च व्यवस्थापनलाई नतिजामुखी वनाइने छ । पुँजिगत खर्च वृद्धि गर्न र विकास आयोजनामा कार्यान्वयनलाई सहजीकरण गर्न नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणाली सहितको विकास सम्बन्धी छुट्टै कार्यविधी तर्जुमा गरिने छ ।

१३. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशिलता, उत्पादन र रोजगारीसंग आवद्ध गरिने छ।

१४. "समृद्धसिम्रौनगढनगरपालिकाकोसपनापर्यटन,कृषि,शिक्षा,स्वास्थ्य र पूर्वाधारको परिकल्पना"को आकांक्षा पूरा गर्न सिम्रौनगढ नगरपालिकाले देहायका रणनीति आधार र पक्षलाई ध्यानमा राखी आर्थिक वर्ष२०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

क) नेपालको अर्थतन्त्रको संरचना परिवर्तन हुन सक्ने, मुलुकको आयमा कमी आउने, विकास साझेदारहरुको श्रोतसाधन परिचालनको क्षमता, प्राथमिकता र क्षेत्र फरक हुन सक्ने अवस्था भएकाले अधिकतम आन्तरिक श्रोत साधन परिचालन गर्ने ।

ख) आर्थिक वृद्धि र कमी हुने अवस्थामा जोखिम व्यवस्थापन गर्न नगरवासीलाई उत्पादनशिल र सुदृढ वनाउने । कृषि तथा औद्योगिक उत्पादन, रोजगारी सृजना, उत्पादनशिलक्षेत्र, विकाश निर्माणकार्य र सामाजिक जीवनयापनमा थप क्षति हुन नदिइ विकास निर्माण कार्यमा तिव्रता दिने।

ग) स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता एवम् अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम संचालन र गुणस्तरीय सेवा प्रवाह गरी गतिशील सामाजिक जीवनको स्थापना गर्ने । साथै JESI रणनीति वनाई यसै वर्ष कार्यन्वयनमा ल्याइने छ ।

घ) वडागत तथा वस्तीस्तरवाट माँग भएका कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गरी फजुल खर्च रोक्ने, वितीय अनुशासन कायम गर्ने, उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानी केन्द्रित गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गरेको छ ।

ङ) रोजगारीका अवसरहरु गुम्ने जोखिमलाई मध्यनजर गरी रोजगारी सृजना, आत्मनिर्भर, क्षमता वृद्धिको अवसरमा रुपान्तरित गर्ने आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने । सामी परियोजना तथा समृद्धी कार्यक्रमलाई गाभी नगरपालिकाको समपुरक तथा अन्य साझेदारहरू संग समन्वय गरी सुरक्षित वैदेशिक स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

च) भष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्थाको सुदृढीकरण र शुसासन प्रवर्द्धन गर्ने

१५. विभिन्न कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिव तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकाश तालिम र रोजगारी एवम आयआर्जन सम्वन्धी विशेष कार्यक्रम संचालन गरिने छ ।

१६. नगरपालिकाको आर्थिक वृद्धिका लागि नगरक्षेत्र भित्र साना, मझौला उद्योग र सहकारी क्षेत्र स्थापना गर्ने ईच्छुक साझेदारलाई कर र शुल्क छुट गरी साना अनुदान कार्यक्रम संचालन गरिने छ । नगरपालिकामा संचालित रहेको व्यवसायहरु नगरपालिकाको लागतमा दर्ता गराउन विशेष कार्यक्रम सञ्चालन गरी आन्तरिक श्रोत वृद्धिका लागि राजश्व श्रोत तथा व्यवस्थापन सम्वन्धि कार्यक्रम सञ्चालन गरिने छ ।

CS CamScanner

१७. पर्यटन र होटल व्यवसायको पुनरुत्थान कार्यक्रम कर र शुल्क सहुलियत एवम आन्तरिक पर्यटन प्रवर्द्धन विशेष कार्यक्रम संचालन गरिने छ ।

१८. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि झरोखर पोखरी (देवताल) तथा आसपासका सार्वजनिक जग्गा २५ वर्षको लागि लिजमा दिइ पर्यटन विकासका लागि नीजि, संघसंस्था, कम्पनीहरुलाई आव्हान गरिने छ ।

१९. कृषि योग्य भूमिमा वर्षेभरि सिंचाई सुविधा उपलब्ध गराउने नीति अनुरुप आ.व. २०८०/०८१ मा कृषि कार्यको लागि विद्युत महसुल नगरपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाईने छ सोको लागी समता मुलक कार्यविधी बनाई कार्यन्वयनमा ल्याईनेछ ।।

२०. सहकारी खेती र संघ प्रदेशले हस्तान्तरण श्रोतलाइ पकेट क्षेत्र निर्धारण गरी कृषि उपजका लागि अनुदान कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न व्यवस्था मिलाइने छ साथै यस वर्ष ५०%को लागत सहभागितमा उन्नत जातको गेहुको विऊ वितरण गरिनेछ ।

२१. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीहरुलाई प्रोत्साहन गरिने छ ।

२२. आयुर्वेद, योग प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत उपचार पदतिको अध्ययन अनुसन्धान तथा विकास गरिने छ । यसका लागि नगर आयुर्वेद तथा वैकल्पिक चिकित्सा अनुसन्धान केन्द्र स्थापना गरिने छ । आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी र गुणस्तरीय वनाइने छ ।

२३. आयुर्वेदिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिने छ । स्थानीय वडाहरुमा आरोग्य केन्द्र र योगकेन्द्रहरु स्थापना गर्न कार्यक्रम संचालन गरिने छ ।

२४. नगरपालिकाको आर्थिक, सामाजिक तथा पूर्वाधार निर्माण गर्न आवश्यक पर्न आर्थिक श्रोत जुटाउन नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेको शुल्क, करको संकलन, आन्तरिक राजश्वको सुदृढीकरण र संकलित श्रोतको प्रभावकारी रुपमा संचालन गरिने छ ।

२५. कृपोषणवाट ग्रसित महिला तथा वालवालिकाहरुको लागि संघीय सरकारवाट संचालित वहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाले संवै क्षेत्रमा थप श्रोत परिचालन गरी संतुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतना मुलक कार्यक्रम तथा प्रदर्शनीहरु संचालन गरी नगरपालिकालाई कुपोषणमुक्त नगरपालिका बनाउन कार्यक्रम संचालन गरिने छ ।

CS CamScanner

२६. सिम्रौनगढ नगरपालिका भित्र शैक्षिक गुणस्तर सुदृढीकरण तथा नतिजामुखि शिक्षण सिकाई कार्य अगाडी बढाउन यसै आ.व. मा पञ्चवर्षीय शैक्षिक रणनीति योजना तथा शैक्षिक योजना एवम् शिक्षा पार्सव चित्र तयार पारी कार्यन्वयनमा ल्याइने छ । नगरभित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरुमा आधुनिक प्रविधिमा आधारित बालमैत्री विधिबाट अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाई अभिभावक तथा शिक्षकलाई बालमैत्री स्थानीय शासन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।

२७. परम्परागत तथा आधुनिक खेललाई प्रोत्साहन गर्ने गरी खेलकुद विकास कार्यक्रम संचालन गर्नुको साथै खेलकुदको विकासको लागि खेल अभियान संचालन गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

२८. विभिन्न जातिय तथा सामुदायिक पहिचानहरुलाई संरक्षण गर्न नगरपालिका संस्कृति प्रतिष्ठान स्थापना गरिने छ । नगरपालिका भित्रका मौलिक सम्पदा तथा ऐतिहासिक धरोहरहरुको संरक्षणका लागि सिम्रौनगढमा आधूनिक संग्रहालय स्थापनाका लागि नगरपालिकाको समपुरक लगानीमा संघ र प्रदेश सरकारलाई प्रस्तावना पेश गरिने छ ।

२९. अनाथ वालवालिकालाई लक्षित गरी विशेष संरक्षण एवम सशक्तिकरणको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ । साथै वालवालिकाको विकासको लागि नगरपालिका भित्र हेल्पडेस्क स्थापना गरी यसै वर्ष देखि कार्यन्वयनमा ल्याइने छ । उनीहरुको वृहत विकासका लागि वालविकास कोषको स्थापना तथा वाल संरक्षण निति तर्जुमा गरिने छ ।

३०. दलित जनजाति, आदिवासी, पिछडिएका वर्ग तथा महिला शसक्तिकरण, अपाङ्ग, जेष्ठ नागरिकका लागि विशेष कार्यक्रम संचालन गरिने छ । संघ र प्रदेशको समन्वयमा अति विपन्न घर विहीनलाई घर मुनि ल्याउन पहल गरिने छ । साथै जेहेन्दार वालवालिका तथा डोम, मेस्तर र मुसहर जातिका वालवालिकाहरुलाई उच्च शिक्षा हासिल गर्नका निमित विशेष छात्रवृति संचालन गरिने छ र यसलाई निरन्तरता दिइने छ ।

३१. १० वर्ष देखी १५ वर्ष मुनिका विधयालय भन्दा वाहिर रहेका वाल वालिकाहरू लाई पहिचान गरी विधालय भर्ना अभियान संचालनका लागी कार्यक्रम संचालन गरिने तथा १५ देखि ६० वर्षका निरक्षर नागरीकहरू लाई यसै वर्ष भित्र साक्षर वनाउन आवश्यक संख्यामा सामुदायीक सिकाई केन्द्र संचालन गर्नका लागी यस न.पा.मा विगत देखि संचालन आरम्भ परियोजना का सहयोगी सेवाप्रदायक संस्था आसमान नेपाल संग समन्वय सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

३२. संघ सरकारको पर्यटन गणतव्यको सूचीमा रहेको यस ऐतिहासिक, पुरातात्विक पर्यटकीय नगरी सिम्रौनगढको पुर्वाधार, संस्थागत सुदृढीकरणको लागि पर्यटन सम्वन्धि नगरस्तरीय तयार भएको

पर्यटन गुरुयोजना अनुरुप पर्यटन प्रवर्द्धनका विशेष कार्यक्रम संचालन गर्न संघ र प्रदेश सरकार तथा दातृ निकायलाई प्रस्ताव पेश गरिनेछ ।

३३. ऐलानी, पर्तितथा यस नगरभित्र रहेका गुठ्ठी जग्गा नगरक्षेत्र अधिकार भित्र ल्याउन छुट्टै कार्यविधी मार्फत संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

३४. पशुपन्छी, मतस्य व्यवसाय र बालीनालीमा रोग किरा महामारीका कारण हुने क्षति न्यनीकरणका लागि महामारी तथा सरुवा रोग नियन्त्रण, भ्याक्सिनेशन तथा बाली संरक्षण कार्यलाई अभियानको रुपमा संचालन गरिने छ ।

३५. पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत संभार गरी क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३६. प्रविधीमैत्री सूचना तथा सञ्चारको विकासको लागि सहकार्य गरिने छ । यूवा सञ्चारकर्मीहरुलाई प्रोत्साहित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३७. बालबालिका सम्बन्धी स्थानीय रणनीति तयार गरी बाबुआमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा वेवारिसे अवस्थामा रहेका बालवालिकाको उद्धार तथा संरक्षण गरिने छ र यसका लागी वाल संरक्षण कोष स्थापना गरिनेछ।

३८. महिला हिसा, वालहिंसा, मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न, लैङ्गिक विभेद तथा सबै प्रकारका कुरीती तथा कुसंस्कारको अन्त्य गर्न सामाजिक रुपान्तरणको अभियान मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

३९. यस सिम्रौनगढ नगरपालिका सरकारले विधिको शासन, पारदर्शिता, नतिजामुखि व्यवस्थापन र जवाफदेहिता जस्ता प्रभावकारी मुलभुत मान्यताहरुलाई दृढताका साथ अवलम्वन गर्नेछ ।

४०. न्याय सम्पादनलाई छिटोछरितो बनाईने छ । सहज पहुचयुक्त न्यायिक समितिद्धारा न्याय प्रणालीको प्रवर्द्धन गरिने छ ।

४१. रोजगारी सृजना गर्न सरोकारवालाहरुसंग सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइने छ । गरिबी न्यूनीकरणका लागि लघु उधम विकास कार्यक्रमलाई नगरपालिका अनुकुल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिने छ ।

४२. नगरकार्यपालिकामा कार्यरत अस्थायी, करार तथा मासिक ज्यालादारीका कर्मचारीहरुलाई नगरपालिकाको स्रोत व्यवस्थापन तथा कार्यसम्पादनको आधारमा निरन्तरता दिईनेछ ।

४३. गुणस्तरीय, अनिवार्य तथा निःशुल्क शिक्षाका लागी विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याइने छ । आगामी वर्ष अधिकतम सामुदायिक विद्यालयमा न्यूनतम पूर्वाधार

निर्माण कार्य सम्पन्न गरिने छ । मदरसा शिक्षालाई आधुनिक शिक्षा प्रणालीसंग आवद्ध गर्न व्यवस्था गरिने छ ।

४४. प्रत्येक वडामा एउटा खेल मैदान निर्माण गरी सबै वडामा खेल मैदान निर्माण गर्दै लगिने छ।

४५. जेष्ठ नागरिकका लागि विशिष्टीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ । जनस्वास्थ्य कार्यक्रम मार्फत रोगको रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाइने छ । सबै वडा तहका स्वास्थ्य संस्थामा ४० वर्ष माथिका नागरिकको वर्षको एकपटक आधारभुत प्रयोगशाला परीक्षण र महिलामा हुने पाठेघर मुखको क्यान्सरको निःशुल्क स्क्रिनिङ सेवा संचालन गरिने छ । किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्ध खोप दिइने छ ।

४६. संघ, प्रदेश, स्थानीय तह एवं नीजी क्षेत्रको समन्वय र सहकार्यमा बालश्रमिक उद्धार, पुनः स्थापना र पुनर्मिलन कार्यक्रम संचालन गरिने छ ।

४७. वैदेशिक रोजगार सूचना प्रणालीको स्तरोन्नति गरिने छ । वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण गर्न वडा तह मार्फत मनोसामाजिक परामर्श सेवा आवश्यकता अनुसार उपलब्ध गराइने छ ।

४८. नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको १५औं आवधिक योजना तथा विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना र प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका लागि दिएका सुझाव तथा सिम्रौगनढ नगरपालिकाको आकाँक्षा र समृद्धिका प्राथमिकताहरु हासिल गर्ने दिशामा परीलक्षित गरिएको छ ।

४९. सिम्रौनगढ पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधारलाई सार्थक तुल्याउन यस नगरपालिकाभित्रका महत्वका धार्मिक, सास्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय उत्पादनलाइ विकास र प्रवर्धन गर्न दीर्घकालीन नीति लिइने छ ।

५०. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि आवश्यकता र मागको आधारमा सीपमूलक तालिम प्रदान गर्नुको साथै अल्पसंख्यकहरुप्रति समाजमा देखिएका रुढीवादी परम्परा विरुद्ध सामाजिक व्यवहारमा परिवर्तन ल्याउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५१. फरक क्षमता भएका व्यक्तिहरुको हकहित संरक्षण तथा सशक्तीकरणको लागि गैर सरकारी संस्थाहरुसंग समन्वय गरिने छ । फरक क्षमता भएका नागरिकहरुको सीप, कला, क्षमता विकास गर्ने र प्रतिभा भएका तर लुकेर बसेका प्रतिभाहरुलाई प्रोत्साहन गर्न आवश्यक पहल तथा बजारीकरणमा सहयोग गरिने छ ।

५२. नगर स्तरीय सारभूत लैङ्गिक समानता नीति, दाइजो प्रथा उन्मुलन नीति र बालविवाह विरुद्धको नीति तथा रणनीतिहरु प्रदेश सरकार र सरोकारवालाहरुको सहकार्यमा कार्यान्वयन गरिने छ ।

५३. विपत जोखिम न्यूनिकरणका लागि पुर्व तयारी, खोज तथा उद्धार, राहत, पुनर्स्थापना, पुननिर्माण लगायतका चक्रिय कार्यक्रमलाई सरोकारवालाहरुसंग समन्वय गरी कार्यान्वयन गरिने छ र स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई प्रभावकारी बनाइने छ ।

५४. वडा कार्यालयको आफ्नो भवन नभएका वडाहरुमा आगामी ३ बर्ष भित्र भवन पुर्वाधार निर्माण गरी आफ्नै भवनमा सेवा संचालन गर्न स्थानीय सरकार सिम्रौनगढ प्रतिवद्ध छ ।

५५. शिक्षा,स्वास्थ्य,कृषिलाई उच्च प्राथमिकतामा राखी पुँजिगत बजेटको दश,दश प्रतिशत यि क्षेत्रमा माँग/आवश्यकातामा आधारी कार्यक्रममा विनियोजन गरिने छ ।

५६. वालिका शिक्षालाई बढावा दिंदै आगामि आ.व. २०८०/०८१ देखी नै स्नातक गरि विवाह गर्ने छोरीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ ।

५७. सिम्रौनगढ नगरपालिकाको आन्तरिक श्रोतबाट संचालन सिम्रौनगढ वहुप्राविधिक शिक्षालयको आफ्नै पुर्वधार निर्माणका लागी आ.व.२०८०/०८१मा न.पा.बाट विस्तृत प्रतिवेदन तयार गराई भवन तथा आवश्यक शिक्षण सामाग्री तथा जनशक्ति व्यव्स्थापन लगायतका कार्यका निमित संघ/प्रदेश सरकार संग सहकार्य गरी आवश्यक श्रोत व्यव्स्थापन गरिनेछ ।

५६. आर्थिक वर्ष २०८०/०८१ को यस नीति तथा कार्यक्रमले समुन्नत नगरपालिकाको आकाङ्क्षालाई पूर्णरुपमा आत्मसात् गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादकत्व वृद्धि भई सवल अर्थतन्त्र निर्माण गर्न योगदान पुग्ने छ । साथै यसले नागरिक सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्य जस्ता सेवा सहज रुपमा उपलव्ध भई सामाजिक न्याय कायम गर्न मदत गर्ने छ ।

आदरणीय सभा सदस्यज्यूहरु

अव म आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

## उद्देश्य

क) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिने तथा अधुरो योजनाहरू लाई प्राथमिकता दिने।

ख) नगरपालिकाको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने ।

ग) सार्वजनिक स्रोत साधनलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्दै उत्थानशिल नगरपालिका घोषणा गर्ने ।

वजेटका उद्वेश्य हासिल गर्न देहाय वमोजिम प्राथमिकता निर्धारण गरिएको छ ।

क) आम नागरिकको उपचारका लागि परीक्षणको दायरा विस्तार, उपचारको व्यवस्था, स्वास्थ्य उपकरण तथा सामाग्रीको आपुर्ति, निःशुल्क खोपको सुनिश्चितता र पुर्वाधार विकास र प्रभावकारी सेवा परिचालन ।

ख) रोजगारीको सुनिश्चितता ।
ग) सवै नगरबासीलाई सामाजिक सुरक्षा र संरक्षण ।
घ) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि ।
ङ) जीवन उपयोगी एवम् सीपयुक्त शिक्षाका लागि पुर्वाधारमा लगानी ।
च) शिघ्र प्रतिफल हुने रणनीतिक महत्वका पुर्वाधार निर्माण ।
छ) संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य मार्फत संतुलित विकास ।
ज) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुच ।
झ) उतरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभुति, भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता ।

आदरणिय सभाका सदस्यज्यूहरु

स्थानीय सरकार सिम्रौनगढले राजनीतिक, सामाजिक, आर्थिक र उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धि गरी आर्थिक समृद्धि सहितको सामाजिक न्याय हासिल गर्न हरेक नगरवासीले २१औं शताब्दी अनुकुलको जीवनयापन गर्न पाउने प्रबन्ध गर्न, गुणस्तरीय विकास संरचना निर्माण गर्न र उपलब्धिहरुलाई संरक्षण गर्दै थप उन्नत बनाउने, नगरपालिका हितको प्रवर्द्धन गर्ने र स्वाभिमान वृद्धि गर्ने, रोग महामारीको रोकथाम तथा नियन्त्रण गर्ने र महामारीबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

निर्णय नं.-१, सातौ नगर सभाको बैठकमा पेश भएका उपरोक्त अनुसारका आ.व. २०८०/०८१का निति, कार्यक्रम पारित गरियो ।

निर्णय नं-.२, सिम्रौनगढ नगरपालिकाको आर्थिक ऐन २०७६ अनुसार निर्धारण गरिएको करका दरहरूमा परिमार्जन गरी छैठो नगर सभाले आ.ब.२०७९/०८०मा लागु हुनेगरी स्विकृत गरे अनुसारका दर आ.ब.२०८०/०८१मा लागु रहने प्रस्ताव पारित गरियो ।
निर्णय नं.३, आ.ब. २०७९|०८०को यथार्थ तथा संसोधित आय व्ययको विवरण प्राप्त नभएकोले आजको नगर सभा बैठकमा आय व्ययको लेखा जोखा तथा संचालीत कार्यक्रमको प्रगती प्रतिवेदन प्रस्तुत नभएको व्योहोरा अवगत गराईन्छ ।

निर्णय नं.-४, आ.व.२०८०/०८१का नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेका बजेटका सिमा लाई परिमार्जन गरि तपसिल अनुसारका विनीयोजन र श्रोत व्यवस्थापनको अनुमान पारित गरियो ।

## आ.ब. ०८०/०८१ को अनुमानित आय तर्फ

| क्र.सं. | स्रोत | अनुमानित आय/बजेट |
|---|---|---|
| १. | संघीय सरकार बाट प्राप्त हुने वितिय समानिकरण अनुदान | १३,४७,००,०००।- |
| २. | प्रदेश सरकार बाट प्राप्त हुने वितिय समानिकारण अनुदान | १,००,४५,०००।- |
| ३. | संघीय सरकार बाट प्राप्त हुने राजस्व बाँडफाँड अनुदान | १०,६१,८६,०००।- |
| ४. | नगरपालिकाको आन्तरिक स्रोत तथा माछापोखरिको बाँकी बक्यौता समेत गरी प्राप्त राजस्व अनुमान | ६,७९,०३,११४। |
| ५. | आ.ब.२०७९/०८०मा खर्च नभई बाँकी रहेका मौज्दात | ६,५५,५३,७८६। |
| ६. | प्रदेश सरकार बाट प्राप्त हुने विशेष अनुदान | ३०,००,०००।- |
| ७. | प्रदेश सरकार बाट प्राप्त हुने समपुरक अनुदान | २०,००,०००।- |
| ८. | संघीय सरकार बाट प्राप्त हुने सशर्त अनुदान(समपुरक/विशेष)समेत | २५,९७,००,०००।- |
| ९. | आ.ब.२०७९/०८०को सडक बोर्ड नेपाल बाट प्राप्त/प्राप्त हुने अनुदान | ३०,५८,५०६।- |
| १०. | अन्य आय(प्रस्तावीत समेत) | ९,१५,००,०००।- |
| | कुल अनुमानित आय | ७४,३६,४६,४०६।- |

**निर्णय नं ५.** निर्णय नं. ४ बमोजिम आ.ब. ०८०/०८१को बार्षिक कार्यक्रम योजना तर्जुमाका लागी अनुमान गरिएका आय बजेट सिमा बाट तपसिल अनुसारको योजना/कार्यक्रम मा निम्नानुसारका बजेट विनियोजन गर्ने प्रस्ताव पारित गरियो ।

| संघीय राजस्व बाँडफाँड अनुदान श्रोत बाट विनियोजन गरिएका योजना/कार्यक्रम/शिर्षक/चालु तर्फ | | |
|---|---|---|
| क्र.सं. | विनियोजन शिर्षक/योजना/कार्यक्रम | विनियोजित बजेट |
| १. | नगर पालिकाको स्विकृत दरबन्दिमा कार्यरत स्थायी वा सो सरहका कर्मचारीहरूको तलब/पारिश्रमिक | १,५०,००,०००।- |
| २. | पोषाक भत्ता | १०,००,०००।- |
| ३. | महंगि भत्ता | ६,००,०००।- |
| ४. | सेवा करार | ३,००,००,०००।- |
| ५. | निर्वाचीत पदाधिकारीहरूको सेवा सुबिधा आ.ब.२०७९/०८०को बक्यौता समेत | १,७९,८६,०००।- |
| ५. | ईन्धन खर्च(कार्यालय प्रयोजन) | ३०,००,०००।- |
| ६. | ईन्धन खर्च(पदाधिकारी) | २०,००,०००।- |
| ७. | अन्य ईन्धन | २,००,०००।- |

| | | |
|---|---|---|
| ८. | वडा कार्यालय संचालन | २२,००,०००।- |
| ९. | नगर कार्यपालिका/कार्यालय संचालन खर्च | २०,००,०००।- |
| १०. | नगर कार्यपालिका/कार्यालय तर्फ अतिथि सत्कार/चिया/खाजा तर्फ | २०,००,०००।- |
| ११. | पानि तथा बिजुलि | १०,००,०००।- |
| १२. | अन्य भत्ता | ५,००,०००।- |
| १३. | घर भाडा | २०,००,०००।- |
| १४. | वातावरण तथा सरसफाई | १०,००,०००।- |
| १५. | वातावरण तथा विपद व्यवस्थापन | १५,००,०००।- |
| १६. | विमा तथा नविकरण | २०,००,०००।- |
| १७. | सवारी साधन मर्मत | ३०,००,०००।- |
| १८. | मेशिनरी औजार खरिद/मर्मत | ५,००,०००।- |
| १९. | पत्र पत्रिका तथा सुचना प्रकाशन | ५,००,०००।- |
| २०. | भ्रमण खर्च | ७,००,०००।- |
| २१. | सामाजिक सहायता तथा आर्थिक सहयोग | ४५,००,०००।- |
| २२. | फर्निचर | १५,००,०००।- |
| २३. | सभा संचालन खर्च | १०,००,०००।- |
| २४. | औषधी उपचार खर्च | ५,००,०००।- |
| २५. | संचार महसुल/फोन/ईन्टरनेट लगायत | १५,००,०००।- |
| २६. | बिभिन्न धार्मिक/सांस्कृतिक महोत्सव/कार्यक्रम | २०,००,०००।- |
| २७. | विविध | २०,००,०००।- |
| २८. | अनुगमन तथा मुल्याङ्कन | ५,००,०००।- |
| २९. | शैक्षिक भ्रमण अवलोकन | ५,००,०००।- |
| ३०. | कर्मचारी कल्याण कोष | १०,००,०००।- |
| ३१. | स्वास्थ्य संस्था औषधि खरिद | ३५,००,०००।- |
| ३२. | (कानुनी)परामर्श सेवा | ५,००,०००।- |
| ३३. | स्थानिय भत्ता | ५,००,०००।- |
| जम्मा | | १०,६१,८६,०००।- |

टिप्पणी:-संघीय राजस्व बाँडफाँड अनुसारको आय प्राप्त नहुने अवस्था आएमा तथा विनियोजि खर्च शिर्षकमा वजेट अपुग हुन आएमा प्रदेश सरकाबाट प्राप्त हुने राजस्व बाँडफाँड अनुदान लाई उपरोक्त अनुसारको विनियोजित शिर्षकमा नगर प्रमुखको स्विकृतमा खर्च मान्य हुनेछ ।

निर्णय नं.-६, आ.ब.२०७८/०७९ तथा आ.ब. २०७९/०८०मा सम्झौता भई कार्यदिश दिई सम्पन्न तथा संचालनमा रहेका तपसिल अनुसारका योजना/कार्यक्रमहरूलाई आ.ब.२०८०/०८१मा निरन्तरता राखि सम्पन्न भएका योजना कार्यक्रमहरूको कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिक मुल्याङ्कन बमोजिम भुक्तानी गर्ने तथा सम्पन्न नभई संचालन रहेका योजना/कार्यक्रम लाई निरन्तरता दिई भुक्तानी तथा संचालकालागी देहाय अनुसारका योजना कार्यक्रममानिम्नानुसारको बजेट विनियोजन गर्ने प्रस्ताव पारित गरियो ।

| संघीय वितिय समानिकरण अनुदान श्रोत बाट विनियोजन गरिएका भुक्तानी दिन बाँकी तथा क्रमागत योजना/कार्यक्रम/शिर्षक/पुंजीगत तर्फ | | |
|---|---|---|
| क्र.सं. | विनियोजन शिर्षक/योजना/कार्यक्रम | विनियोजित बजेट |
| आ.ब.२०७८\|०७९का सम्पन्न भई भुक्तानी हुनबाँकि योजना,कार्यक्रम | | |
| १. | आ.ब.२०७८/०७९म सम्पन्न ,पर्सा टोलमा मदार्सा भवन मर्मत तथा रङ्गरोगन | ८,०२,३३७।- |
| २. | आ.ब.२०७८/०७९म सम्पन्न ,सि.न.पा.-६,कमलपुरमा रामदेवको घर देखी कमल महतोको गोठ सम्मको बाटोमा नाला तथा ढलान | ५,६४,००८।- |
| ३. | आ.ब.२०७८/०७९म सम्पन्न ,बैरिया वडा नं.१ बैरियामा अधुरो मस्जिद निर्माण | ४,९०,०५०।- |
| ४. | आ.ब.२०७८/०७९म संचालन ,वसवरियामा अनुपसहनी सामुदायीक भवन निर्माण कार्य(कर्मागत गरी निर्माण कार्य गराउने समेत) | १२,००,०००।- |
| ५. | आ.ब.२०७८/०७९मा वडा कार्यालय ९ द्वारा कालो पाईप वितरण कार्यको भुक्तानी दिने । | ३,००,०००।- |
| जम्मा | | ३३,५६,३९५। |
| आ.ब.२०७९/०८०का भुक्तानि बाँकी/क्रमागत योजना/कार्यक्रम | | |
| ६. | सिवान बैरियामा अधुरो शिव मन्दिर निर्माण-वडा नं.-१ | ८,४४,९५४।- |
| ७. | अधुरो ब्रह्मबाबा मन्दिर निर्माण,वडा नं.-१ | ९६९४९९।- |
| ८. | बैरियामा बिरेन्द्र यादवको घर देखि ब्रह्मबावा सम्म नाला तथा बाटो ढलान | १०,००,०००।- |
| | गंगानगर चौकमा सार्वजनिक शौचालय निर्माण,वडा नं.-४ | २,६२६८४।- |
| | सडक बोर्ड नेपाल तथा न.पा.को साझेदारीमा संचाल/सम्पन्न योजनाहरुको न.पा.को समपुरक लगानी | ४,७५,९१५।- |
| | गंगानगरमा छठ घाट निर्माण-४ | १९,४०,००० |
| | शर्मानन्दको घर देखी मनेजर बैठाको घर सम्म नाला तथा सडक ढलान-४ | १३,६१,८४० |
| | गंगानगरमा बिरवहादुरको घर देखी पुर्व जगदेव रायको घर सम्म,बाटो तथा नाला निर्माण | ६,८४,५५३।- |

CamScanner

| | | |
|---|---|---|
| | गंगानगरमा जोगेन्द्र रामको घर देखी पुर्ब मनेजर बैठाको घर सम्म नाल तथा बाटो ढलान | ३,८८,०००।- |
| | अमरपुरमा फुलपतिको घर देखि चेथरूको घर सम्म नाला तथा बाटो ढलान,वडा नं.-६ | २,३५,०९४।- |
| | सलेमपुरमा अधुरो मन्दिर निर्माण वडा नं.-६ | १,८८,००५।- |
| | कमलपुरमा रविशंकरको घर देखी प्रमोदको घर सम्म नाला तथा बाटो ढलान वडा नं.-६ | ५,६६,५९२।- |
| | सलेमपुरमा सडक ढलान तथा नाला निर्माण वडा नं.-६ | ६,९८,२०९।- |
| | सानो ईटवालमा बाटो तथा नाला निर्माण वडा नं.-६ | ६,७१,२९७।- |
| | सिम्रौनगढ बजारमा अधुरो शौचालय निर्माण वडा नं.-६ | १०,११,८७८ |
| | सिम्रौनगढमा मस्जिद देखी दुर्गा मन्दिर सम्म नाला तथा बाटो ढलान कार्य वडा नं.-६ | ६,८२,३०८।- |
| | अमरपुरमा ब्रह्मस्थान देखी गंगारामको घर सम्म तथा जयनारायणको घर देखी विन्देशवरी कुशवाहाको घर सम्म नाला तथा बाटो ढलान वडा नं.-६ | ५,३३,५००।- |
| | सिम्रौनगढमा मन्दिर निर्माण कार्य वडा नं.-६ | ४,७३५५५।- |
| | सलेमपुर ब्रह्मस्थान देखी जानकीनगर सम्म बाटो ग्रावेल वडा नं.-६ | ३,९०,९०९।- |
| | अमरपुमा सिंहटोलको ढलान देखी गाउँ हुदै पुर्बि नहर सम्मको बाटो ढलान वडा नं.-६ | ६,६५,१८१।- |
| | सिम्रौनगढ तरकारी बजार व्यवस्थान/मर्मत-६ | ४,८५,४४३।- |
| | कंकाली मा.वि.मा अधुरो भवन निमाण वडा नं.-७ | २०,७३,८०४ |
| | कंकाली मन्दिर परिसरमा फुटपाथ निर्माण वडा नं.-७ | ५,१४,०२६।- |
| | जानकिनगरको दलित टोलमा सडक ढलान तथा नाला निर्माण वडा नं.-७ | ५,४१,३३७।- |
| | कमलपुरटोलमा सडक ढलान तथा नाला निर्माण वडा नं.-७ | १०,६६,२९५ |
| | झवानीको शिवमन्दिरमा कम्पाउन्डवाल निर्माण वडा नं.-७ | २,८०,७४०।- |
| | झवानी गाँउ देखि पर्सा टोल सम्म माटोपुरी ग्रावेल वडा नं.-७ | ११,७८,६४६ |
| | सडक ढलान झवानी वडा नं.-७ | २,९१,०००।- |
| | खजानीमा पार्बति मन्दिर निर्माण वडा नं.-७ | ४,८५,०००।- |
| | जानकिनगरमा ईनारदेखी पुर्ब सडक ढलान तथा नाला निर्माण वडा नं.-७ | ५,२५,६९५।- |
| | खाजानीमा लालबाबु गिरिको घर देखी सुरेन्द्र साह कानुको घर सम्म बाटो ढलान तथा नाला निर्माण वडा नं.-७ | १०,६९,५१७ |
| | अधुरो योग्य वेदान्त आश्रम निर्माण वडा नं.-७ | ७,७०,०७१।- |
| | अधुरोओम शान्ति भवन निर्माण वडा नं.-७ | २०,४५,०९२ |
| | झवानी विच गाँउको शिवमन्दिरमा कम्पाउन्डवाल निर्माण वडा नं.-७ | ४,०७,११३।- |
| | बाल अधिकार सम्बन्धी अभिमुखिकरण(सगुन नेपाल कलैया लाई भुक्तानी) | १,९९,०८३।- |

| | | |
|---|---|---|
| | लैङ्गिक हिंसा सम्बन्धि अभिमुखिकरण(सगुन नेपाल कलैयालाई भुक्तानी) | २,९९,१२१।- |
| | कचोर्वामा कमल साहको घर देखी जयमङ्गल साहको घर सम्म बाटो ढलान वडा नं.-८ | ५,९२,३६७।- |
| | मोतिम खाँ पैठानको घर देखी मुनीफ मियाँको घर सम्म बाटो ढलान वडा नं.-८ | ७,२९,७२४।- |
| | वडा कार्यालय(सामुदायीक भवन)मर्मत/निर्माण कार्य वडा नं.-८ | ९,५५,७९०।- |
| | कचोर्वामा पंडित साहको घर देखी दक्षिण तर्फ चन्देसवर पासवानको घर सम्म बाटो ढलान वडा नं.-८ | ३,९८,६८८।- |
| | रामअशिश रामको घर देखि दक्षिण सुगान्धी रामको घर हुदै रामवचन साहको घर सम्म बाटो ढलान वडा नं.-८ | ४,२०,६३५।- |
| | जनता मा.बि.को भवनको भरयाङ्गमा रेलिङ्ग तथा गेट निर्माण कार्य-८ | ९,९१,६०२। |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम-९(वडा अध्यक्ष) | ५३,०००।- |
| | वसवरिया बिधयालयको अधुरो भवन निर्माण-९ | १९,६१,६३२ |
| | देवापुर टेटामा अधुरो शिव मन्दिर निर्माण वडा नं.-१० | ९,३७,८८३।- |
| | देवापुर छठ घाट खानेपानी आयोजनमा पर्खाल निर्माण-वडा नं.-१० | ४,४९,७१७।- |
| | बाल अधिकार सम्बन्धि अभिमुखिकरण(स्थानिय विकास केन्द्र कलैया लाई भुक्तानी) | २,९९,१४४।- |
| | भगवानपुरमा वकिल हजराको घर देखी दिनकर पासवानको घर सम्मको बाटो ढलान-११ | १०,८१,२९५ |
| | खुट्टा माई मन्दिर निर्माण-११,भगवानपुर | १५,००,००० |
| | वडा नं.१ देखी ११ सम्म एसी मासलाईट जडान कार्य | १,०७,७९,४४७ |
| | श्री ने.रा.प्रा.बि.को भवन निर्माण, जोलाहि टोला-३ | ४३,६२,२६८।- |
| | आधुनिक बर्थिङ्ग सेन्टरको भवन निर्माण,गंगानगर-४ | ४६,१७,३४८।- |
| | वडा नं.१ देखी ११ सम्म शुद्ध खानेपानिका लागी पारिवारीक तथा सार्वजनिक ठाउँमा चापाकल जडान | २९,१०,०००।- |
| | बिधयालयमा बेन्च/डेक्स वितरण(आदित्य ट्रेड एण्ड कन्सर्न)लाई भुक्तानी | २४,३८,१२२।- |
| | निशुल्क कृषि बिधुत महशुल भुक्तानी | २०,८९,२५७।- |
| जम्मा | | ६,३८,४३,६०५ |
| आ.ब.२०८०/०८१मा संचालन हुने योजना तथा कार्यक्रम | | |
| | वडास्तरीय योजना तथा कार्यक्रम | |
| | वडा नं.१मा भौतिक संरचना तथा सार्वजनिक निर्माण | ३०,००,०००।- |
| | वडा नं.२मा भौतिक संरचना तथा सार्वजनिक निर्माण | ३०,००,०००।- |
| | वडा नं.३मा भौतिक संरचना तथा सार्वजनिक निर्माण | ३०,००,०००।- |
| | वडा नं.४ | |

| | | |
|---|---|---|
| | हरिहरपुरमा श्यामकिशोर यादवको घर देखी दक्षिण रामएकबालको घर सम्म नाला तथा बाटो ढलान | १२,००,०००।- |
| | हरिहरपुरमा कृषि विधुतिकरण | १०,००,०००।- |
| | गंगानगरको दलित भवन मर्मत तथा रङ्गरोगन | ३,००,०००।- |
| | हरिहरपुरमा बौधिमाईको मन्दिर निर्माण | २,००,०००।- |
| | वडा ४ अन्तर्गतका बाटोहरू मर्मत तथा ग्रावेल कार्य | ३,००,०००।- |
| | वडा नं.५मा भौतिक संरचना तथा सार्वजनिक निर्माण | ३०,००,०००।- |
| | वडा नं-६ | |
| | सतुवाही टोलमा नयाँ बाटो बिस्तार | ३,००,०००।- |
| | आमरपुरमा नाला तथा बाटो ढलान | ४,००,०००।- |
| | सिम्रौनगढ टोलमा नाला तथा बाटो ढलान | ५,००,०००।- |
| | ईटवालमा बाटो ग्रावेल कार्य | २,००,०००।- |
| | सलेमपुरमा बाटो तथा नाला निर्माण | ४,००,०००।- |
| | महोत्सव तथा सांस्कृतिक कार्यक्रम | १०,००,०००।- |
| | खानेपानी तथा सरसफाई | २,००,०००।- |
| वडा नं.७ | | |
| | अधुरो सडक ढलान विनोद साह कानुको घर देखी सुरेन्द्र साह कानुको घर सम्म,खाजानी | ३,००,०००।- |
| | रामनरेशको घर देखी डरेरि सम्म नाला निर्माण ,खाजानी | ६,००,०००।- |
| | कमलपुरमा कपिलदेवको घर देखि हनुमान मन्दिर सम्म सडक तथा नालामा स्लेप ढलान | ३,००,०००।- |
| | झवानीम दलित टोलमा सडक ढलान | १,५०,०००।- |
| | जानकिनगर दलित टोलमा अधुरो सडक ढलान | १,५०,०००।- |
| | पर्सा टोलमा अलिअख्तरको घर देखी अमानुल्लाहको घर सम्म नाला तथा स्लेप ढलान | ३,००,०००।- |
| | कुलो सरसफाई तथा मर्मत कार्य | २,००,०००।- |
| | जानकिनगरमा बौधिमाईको मन्दिर निर्माण | २,००,०००।- |
| | युवा तथा खेलकुद/खेलकुद सामाग्री | २,००,०००।- |
| | धार्मिक/संस्कृतिक कार्यक्रम | ६,००,०००।- |
| वडा नं.८ | | |
| | मुकेश साहको घर देखी पश्चिम वद्री साहको घर हुदै भोलाको घर सम्म सडक ढलान तथा नाला निर्माण | १०,००,०००।- |
| | नागा साह तेलीको घर देखी कहार टोल हुदै प्रेमलाल साह तेलिको घर सम्म सडक ढलान तथा नाला निर्माण | ३,००,०००- |
| | महिला हिंसा तथा वाल अधिकार सम्बन्धी सचेतना कार्यक्रम र धर्म संस्कृती | ५,००,०००।- |
| | युवा तथा खेलकुद सामाग्री वितरण/संचालन | २,००,०००।- |
| | तार पोल विधुतिकरण | १०,००,०००।- |

| | | |
|---|---|---|
| | वडा नं.९मा भौतिक संरचना तथा सार्बजनिक निर्माण | ३०,००,०००।- |
| | वडा नं.१० | |
| | सुरेश यादवको गोवास देखी पश्चिम जाने बाटो माटो पुरि ग्रावेल | १०,००,०००।- |
| | उपेन्द्र यादवको गोठ देखी पश्चिम पोखरा पाटन सरेह सम्म माटो पुरी ग्रावेल | १०,००,०००।- |
| | अच्छचेलाल पंडित खेत हुदै पुर्व चवर सरेह सम्म बाटो मर्मत ग्रावेल | १०,००,०००।- |
| | वडा नं.११मा भौतिक संरचना तथा सार्बजनिक निर्माण | ३०,००,०००।- |
| जम्मा | | ३,३०,००००० |
| | नगर स्तरिय योजना तथा कार्यक्रम | |
| | सिवान बैरियामा विप्पिनको घर नजिकको पुल निर्माण-वडा नं.-१ | २०,००,०००।- |
| | ननसागरा ढाठको विधयालयमा पर्खाल निर्माण-१ | १०,००,०००।- |
| | श्री नारायण ठाकुरको घर बाट उत्तर जोगेन्द्र साहको घर सम्मको बाटो ढलान,खाजानी | १०,००,०००।- |
| | बैरियामा प्रेमजीको घर नजीकको कल्भर्ट निर्माण-१ | ५,००,०००। |
| | बैरियामा समसानघाट निर्माण तथा पर्खाल-१ | १०,००,०००।- |
| | बैरिया हुनुमान चौकको अधुरो गेट निर्माण-१ | १०,००,०००।- |
| | अमृतगंजमा जयमङ्गल दासको घर देखी कौलेशवरीमाई हुदै दिनानाथ प्रसादको गोवास सम्म नाला तथा बाटो ढलान-२ | १०,००,०००।- |
| | अधुरो रानिवास प्रवेश द्वार निर्माण-२ | १५,००,०००।- |
| | रानिवास पार्क भित्र सौन्दर्यकरण/निर्माण-२ | १०,००,०००।- |
| | किशुनपुरमा शेर महमदको घर देखी भोला अंसारीको घर सम्म सडक ढलान वडा नं.-३ | १०,००,०००।- |
| | सरिफ अलिको घर देखी खुर्सेदको घर सम्म सडक ढलान-३ | १०,००,०००।- |
| | नयकाटोलमा सैलेश मन्दिर निर्माण-३ | ५,००,०००।- |
| | नयकाटोलमा लालबाबु हजराको घर देखि मेन बाटो सम्म ढलान | १०,००,०००।- |
| | गंगानगर टोल भित्रको बाटो ढलान-४ | २०,००,०००।- |
| | गंगानगर हनुमान मन्दिरमा भवन तथा पर्खाल निर्माण-४ | १५,००,०००।- |
| | हरिहरपुरमा रामजिनिसको घर देखी मेन सडक सम्म बाटो ढलान-४ | १०,००,०००।- |
| | गंगानगर नहर देखी जयलाल रामको गोवास सम्मको बाटोमा माटो पुरी ग्रावेल-४ | १५,००,०००।- |
| | ठुलो ईटवालमा शंकर राउतको घर देखी पुर्व बृजकिशोरको घर सम्म बाटो ढलान-वडा नं.-५ | १०,००,०००।- |
| | ईटवालमा रामजानकि मन्दिरको पर्खाल निर्माण तथा मर्मत-५ | ४,००,०००।- |
| | चौरहिया टोलमा अधुरो हनुमान मन्दिर निर्मान-५ | ५,००,०००।- |
| | ठुलो ईटवालमा महेश राउतको घर अगाडीको बाटोमा नाला निर्माण-५ | ३,००,०००।- |

